नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८०/११/१७

## चिकित्सा शिक्षा स्नातकोत्तर तहमा म्याचिङ (Matching) प्रणालीवाट खुलातर्फ उम्मेदवार छनौट गर्नका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (Online Priority Setting), म्याचिङ र भर्ना तथा कक्षा प्रारम्भ सम्वन्धी जरूरी सूचना

मिति २०८०/१०/२० गतेदेखि २२ गतेसम्म सञ्चालन भएको चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८०/१०/२४ गते प्रकाशित नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको अनलाइन प्रणालीवाट म्याचिङ गरी विद्यार्थी भर्नाका लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्न चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत मिति २०८०/११/१७ गतेदेखि ऐ २४ गते अपरान्ह ५:०० वजेसम्म उम्मेदवार स्वयंले अनलाइन प्राथमिकताक्रम निर्धारण गर्न चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्वन्धी कार्यविधि, २०७९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

खुलातर्फको सिटहरूमा म्याचिङ हुनका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (online priority setting) एक पटकमात्र गराइने र उम्मेदवार स्वयंमले निर्धारण गरेको प्राथमिकता निर्धारणको आधारमा नै सम्पूर्ण चरणका म्याचिङ हुने हुनाले योग्यताक्रममा रहेका अध्ययन गर्न चाहने उम्मेदवारहरुले अनिवार्य रूपमा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौटका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण गर्नुहुन सूचित गरिन्छ । प्राथमिकता निर्धारण गर्न छुटेका उम्मेदवारहरू समापन म्याचिडका लागि मात्र योग्य हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

क. सिट विभाजन सम्वन्धी विवरण

शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमहरूमा गरिएको सिट विभाजन तथा संशोधन सम्वन्धी विवरण मिति २०८०/०८/१९, २०८०/०८/२५ र २०८०/११/०४ गते आयोगको वेबसाइटमा प्रकाशित गरिसकिएको छ ।

ख. खुलातर्फको अनलाइन प्राथमिकताक्रम निर्धारण (online priority setting) कार्यतालिका

| क.सं. | विवरण | मिति र समय |
|---|---|---|
| 1 | Online priority setting START | २०८० फागुन १७ गतेदेखि |
| 2 | Online priority setting CLOSE | २०८० फागुन २४, समय ५:०० वजेसम्म |

ग. शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्ने प्रक्रिया

१. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले https://entrance.mec.gov.np मा व्राउज (browse) गरी login वटनमा क्लिक गर्नु पर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. आफ्नो Username र Password राखेर Profile login गर्नुपर्नेछ ।
३. Profile खुलेपछि देखिने Application menu मा क्लिक गर्नुपर्नेछ ।
४. त्यसपछि देखिने view details मा क्लिक गर्नुपर्नेछ ।
५. योग्यताक्रममा नाम समावेश भएको Program को Action कोलममा देखिएको Set college priority बटनमा क्लिक गर्नुपर्नेछ ।
६. प्राथमिकताक्रम निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको "Add College and Program" बटनमा क्लिक गरेपछि शिक्षण संस्था र शैक्षिक कार्यक्रम ड्रपडाउन मेनु (drop-down menu) मा देखिनेछ । सो मेनुवाट प्राथमिकताक्रमका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्नु पर्नेछ । त्यहाँ रहेको "Insert below", "Insert above" र "Remove" बटनले उम्मेदवारहरूको प्राथमिकताक्रम थप्न/सच्याउन/हटाउन सकिनेछ । अन्त्यमा Save college and program priority मा क्लिक गरी Save गर्नुपर्नेछ ।
७. यस सूचना तथा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्ने अनलाइन प्रणालीमा दिइएका जानकारीहरू अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गर्ने कार्य गर्नु पर्नेछ ।
८. आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था र शैक्षिक कार्यक्रम मात्र छनौट गरी प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।
९. आयोगले निर्धारण गरेको "Online Priority selection" को समयसीमाभित्र आफूले चयन गरेको प्राथमिकताक्रम संशोधन गर्न सकिनेछ । प्राथमिकताक्रम परिवर्तन गरे पश्चात् "Save college program priority" बटनमा क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात् प्राथमिकताक्रम संशोधन गर्न सकिने व्यवस्था नभएकाले समयमै प्राथमिकताक्रम निर्धारण कार्य सावधानीका साथ अन्तिमीकरण गर्नु पर्नेछ ।
१०. शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्दा आयोगले मिति मिति २०८०/०८/१९, २०८०/०८/२५ र २०८०/११/०४ गते निर्धारण गरेको खुलातर्फको सिट निक्यौल गरी छनौट गर्नु पर्नेछ ।
११. उम्मेदवारहरूले शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले निर्धारण गरेको प्राथमिकताक्रमको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।
१२. अनलाइन प्राथमिकताक्रम निर्धारणको समय समाप्त भएपश्चात् उम्मेदवारहरूको योग्यताक्रम, प्राथमिकताक्रम र उपलब्ध सिटका आधारमा कम्प्युटर प्रणालीमा आधारित भई म्याचिङ गरिनेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं :-

घ. खुलातर्फको म्याचिङ, भर्नासूची प्रकाशन तथा भर्नासम्बन्धी कार्यतालिका

| चरण | विवरण | मिति र समय |
|---|---|---|
| पहिलो | **First matching result** | २०८० चैत्र ५ |
| | First Admission OPEN | २०८० चैत्र ६, समय १०:०० बजेदेखि |
| | First Admission CLOSE | २०८० चैत्र १३, समय ५:०० बजेसम्म |
| | **First re-matching result** | २०८० चैत्र १६ |
| | Admission of first re-matching OPEN | २०८० चैत्र १८, समय १०:०० बजेदेखि |
| | Admission of first re-matching CLOSE | २०८० चैत्र २०, समय ५:०० बजेसम्म |
| दोस्रो | **Second matching result** | २०८० चैत्र २३ |
| | Second admission OPEN | २०८० चैत्र २५, समय १०:०० बजेदेखि |
| | Second admission CLOSE | २०८० चैत्र ३०, समय ३:०० बजेसम्म |
| | **Second re-matching result** | २०८१ वैशाख ३ |
| | Admission of second re-matching OPEN | २०८१ वैशाख ४, समय १०:०० बजेदेखि |
| | Admission of second re-matching CLOSE | २०८१ वैशाख ६, समय ५:०० बजेसम्म |

ङ. कक्षा प्रारम्भ **(Beginning of academic session):** MECEE-PG 2024 को कक्षा प्रारम्भ २०८१ वैशाख ७ (19 April 2024) गतेबाट हुनेछ।

२०८०।११।१६
धनबहादुर श्रेष्ठ
उपसचिव